# प्रतिवेदन

**१. कार्यक्रमको शिर्षक:** न्यायिक समिति र सरोकारवालाहरु बीच १ दिने अन्तरक्रिया कार्यक्रम ।

**२. कार्यक्रम परिचय:**

क) ठाकुरबाबा नगरपालिकाको आ.व. २०७७/०७८ को बार्षिक स्विकृत कार्यक्रम अन्तरगत कानून तथा न्यायिक सम्पादन तर्फको अन्तरक्रिया कार्यक्रम (१६५०००/- अक्षरुपी एक लाख पैसठ्ठी हजार मात्र) भित्र रहेर न्यायिक समिति र सरोकारवालाहरु बीच १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । उक्त अन्तरक्रिया कार्यक्रम मिति २०७७/०८/०८ देखि ऐ.ऐ. १६ गते सम्म यस नगरपालिकाका सबै वडाहरुमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा ठाकुरबाबा नगरपालिकाका वडा नं. ०१ देखि ०९ सम्म करिब ३० जना देखि ४० जना सम्म विभिन्न क्षेत्रबाट सहभागीता थियो ।

ख.१) उद्घाटन सत्र: ठाकुरबाबा नगरपालिका न्यायिक समिति सैनवार, बर्दियाको आयोजना र सम्पुर्ण वडा कार्यालयहरुको समन्वयमा सञ्चालित अन्तरक्रिया कार्यक्रममा सभाध्यक्षताको रुपमा नगरपालिकाका नगर उप प्रमुख एवम न्यायिक समिति संयोजक श्री कृष्णा कुश्मा थारु रहनु भएको थियो र उक्त कार्यक्रमको उद्देश्य माथि प्रकाश सहितको स्वागत मन्तव्य न्यायिक समिति सदस्य श्री प्रशान्त कुमार वि.क. र न्यायिक समिति सदस्य श्री अमर बहादुर थापाले फरक फरक वडाहरुमा क्रमशः राखु भएको थियो र सम्पुर्ण वडाध्यक्षहरु, वडा सदस्यहरु लगायत सरोकारवाला पक्षहरु अतिथिको रुपमा उपस्थित हुनु भएको थियो ।

ख.२) प्राविधिक सेसन सत्र: कार्यक्रमको पहिलो सत्रमा न्यायिक समितिको परिचय, यसको काम कर्तव्य र अधिकार, विद्यमान कानुन सम्बन्धि विषयबस्तुमा न्यायिक समिति संयोजक ज्युले सहजीकरण गर्नुभएको थियो । तत पश्चातको दोश्रो सेसनमा मेलमिलाप, मेलमिलाप प्रकृया र मेलमिलापको महत्वबारे न्यायिक समिति सदस्य श्री प्रशान्त कुमार वि.क. ज्युले र न्यायिक समिति सदस्य श्री अमर बहादुर थापा ज्युले सहजीकरण गर्नुभएको थियो । र अन्त्यमा विवाद समाधानमा हाल देखिएका समस्याहरु, सम्भावित समाधानका उपायहरु र उपलब्ध निवेदन, प्रतिवाद, सहमति-पत्र लगायतका ढाँचा एवम मेलमिलाप स्थानका विषयमा न्यायिक समितिका कर्मचारी सहायक महिला विकास निरीक्षक श्री लक्ष्मी पौडेलले सहजीकरण गर्नुभएको थियो ।

ख.३) समापन सत्र: विषयबस्तु सहजीकरण पश्चात उक्त दिनको कार्यक्रममा सम्बन्धित वडाका वडाध्यक्ष ज्युको मन्तव्य र आवश्यकतानुसार अन्य अतिथिको मन्तव्य जोडीसके पछि कार्यक्रमका सभाध्यक्ष

न्यायिक समिति संयोजक ज्युबाट सहभागीहरुको जिज्ञासा सम्बोधन सहितको समापन मन्तव्य सहित कार्यक्रमको समापन भएको थियो ।

**३. कार्यक्रमको सन्देश र महत्वः** नेपालको बर्तमान संविधान २०७२ को धारा २१७ बमोजिम यस नगरपालिकामा पनि नगर उप-प्रमुखको संयोजकत्वमा अन्य २ जना सदस्यहरु सहित नगरसभाबाट अनुमोदन गरेर एउटा न्यायिक समिति गठन गरिएको छ । यसै गरी न्यायिक समितिको मातहतमा रहने गरि प्रत्येक वडा कार्यालयहरुमा एउटा मेलमिलाप केन्द्र रहेको छ । यसै अनुरुप प्रत्येक वडामा एक जना मेलमिलाप संयोजक समेत तोकीएको छ । मेलमिलाप केन्द्र र न्यायिक समिति बीच सहज समन्वय र भइरहेका समस्याहरुको समेत समाधानका लागि यो अन्तरक्रिया कार्यक्रम गरिएको हो । साथै नेपालको विद्यमान कानूनी प्रावधानको जानकारी गराउनका लागि पनि यस किसिमका कार्यक्रमहरु समय समयमा गर्न पर्दछ । नेपाली समाज झन पछि झन अराजकता तर्फ गइरहेको अवस्थामा प्रत्येक व्यक्तिलाई यस्ता कार्यक्रमबाट नैतिक शिक्षा सहितको सचेतना कार्यक्रम गर्नु समेत अत्यावश्यक देखिन्छ । मेलमिलापकर्ताहरुले ठाकुरबाबा नगरपालिका स्थापना भए पश्चात पहिलो पटक यस किसिमको अन्तरक्रिया कार्यक्रम गरिएको र अत्यन्त महत्वपुर्ण कार्यक्रम रहेकामा आगामी आ.व. हरुमा निरन्तरता दिनुपर्ने र मेलमिलापको पुनर्ताजगी तालिम समेत प्रत्येक आवमा अत्यावश्यक रहेको भनाई राख्नुभएको हुँदा उक्त कार्यक्रम एकदमै उपयोगी र महत्वपुर्ण रहेको देखियो ।

**४. कार्यक्रममा सहभागीहरुः** सम्बन्धित वडाका जनप्रतिनिधिहरु र कर्मचारीहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, मेलमिलाप संयोजक र मेलमिलापकर्ताहरु, वडघरहरु र चौकीदारहरु, स्वयमसेविकाहरु, प्राधानाध्यापक तथा शिक्षक प्रतिनिधिहरु, वन उपभोक्ता समितिका पदाधिकारीहरु लगायत बुद्धिजिवी समाजसेवीहरु ।

**५. कार्यक्रम सम्पन्न मितिः** वि.स. २०७७ मंसिर ०८ गते देखि ऐ.ऐ. १६ गते सम्म । उक्त कार्यक्रमको सञ्चालन न्यायिक समितिका शाखा प्रमुख सहायक महिला विकास निरिक्षक श्री लक्ष्मी पौडेलले गर्नुभएको थियो ।

**प्रतिबेदक**
रिता कुमारी थारु
महिला विकास निरिक्षक
ठाकुरबाबा नगरपालिका सैनवार, बर्दिया ।